७१औं बैठक

आज मिति २०७६ साल साउन १७ गते सुक्रवारका दिन विहान ७:३० बजे यस बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री रमेशकुमार भुजेलज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्ताव माथि छलफल गरी पारित गरियो ।

## <u>उपस्थिति</u>

| | |
|---|---|
| १. श्री रमेशकुमार भुजेल | (गाउँपालिका अध्यक्ष) |
| २. श्री मिरा भुर्तेल | (गाउँपालिका उपाध्यक्ष) |
| ३. श्री भीमकुमार नेवार | (वडाध्यक्ष वडा नं. १) |
| ४. श्री दिलीप श्रेष्ठ | (वडाध्यक्ष वडा नं. २) |
| ५. श्री कमलप्रसाद उप्रेती | (वडाध्यक्ष वडा नं. ३) |
| ६. श्री बुद्धिमान लिम्बु | (वडाध्यक्ष वडा नं. ४) |
| ७. श्री बासुदेव खतिवडा | (वडाध्यक्ष वडा नं. ५) |
| ८. श्री शम्भुप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ६) |
| ९. श्री मात्रिकाप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ७) |
| १०. श्री यमुना चापागाईं | (गा.का.पा. सदस्य) |
| ११. श्री भगवती शर्मा खतिवडा | (गा.का.पा. सदस्य) |
| १२. श्री दुर्गादिवी ढुंगेल पोखरेल | (गा.का.पा. सदस्य) |
| १३. श्री रितादेवी बराल | (गा.का.पा. सदस्य) |
| १४. श्री रोहित तोलाङ्गी | (गा.का.पा. सदस्य) |
| १५. श्री गणेश धिमाल | (गा.का.पा. सदस्य) |
| १६. श्री धनञ्जय कुमार शाह | (प्रमुख प्रशासकीय अधिकृत) |

मदन कुमार कडेल - प्रशासन शाखा प्रमुख,

देवेन्द्र दाहाल ना. सु.

Scanned by CamScanner

प्रस्ताव नं. १ गाउँपालिकाको संगठन संरचना सम्वन्धमा ।

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बुद्धशान्ति गाउँपालिकाको संगठन संरचना (O&M) तपशिल वमोजिम हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

# बुद्धशान्ति गाउँपालिका, बुधबारे झापाको संगठन संरचना (O&M)




Scanned by CamScanner

**प्रस्ताव नं २ जग्गा प्राप्ति सम्वन्धमा ।**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिकाका लागि आवश्यक तपशिल वमोजिमका जग्गाहरु निःशुल्क प्राप्तिका लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**तपशिल**

क. गाउँ कार्यपालिकाको कार्यालय परिसर उत्तरतर्फको खाली क्षेत्रमा पार्क तथा बगैँचा निर्माण लगायतका कामका लागि मेची राजमार्ग ट्राफिक वीटदेखि पश्चिम २०० मिटर भित्र बुधबारे जयपुर सडकसंगै जोडिएको सडकको दक्षिणतर्फ २ कठ्ठा ४ धुर जग्गा ।

ख. गाउँपालिका स्तरीय अस्पताल निर्माणको लागि मेची राजमार्गको बुधबारे पुलचोकदेखि पश्चिम-उत्तर भोटेटार सडकले छोएको १ किलोमिटर क्षेत्रभित्रको १ बिगाह जग्गा ।

**प्रस्ताव नं. ३ प्रति उत्तर पेश गर्ने सम्वन्धमा ।**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा सम्मानित उच्च अदालत विराटनगर इलाम इजलास इलामबाट यस गाउँपालिका समेतलाई विपक्षी बनाई जग्गाको हक कायम गरी दर्ता गरी पाउँ भन्ने बुद्धशान्ति-४ स्थित साविकको भुटानी शरणार्थी शिविर रहेको टिमाई क्षेत्रको जग्गाको मुद्धामा कानून व्यवसायी वा वारिसनामा पठाउनुपर्ने भएकाले कानून व्यवसायी श्री वसन्त नेपाललाई कानून व्यवसायी तोकि ऐनका म्यादभित्र प्रति उत्तर पेश गर्न पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं ४ विवरण पठाउने सम्वन्धमा ।**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीको च.नं. ४४२५ पत्र संख्या २/भुमी-१११६/१३४/०७५/०७६ मिति २०७६/०३/२९ को पत्रबाट सत्यतथ्य विवरणको राय प्रतिकृया पठाउन लेखी आएको हुँदा मेचीनगर ११ बस्ने श्री नरेन्द्र मेचे(गच्छम)को नाममा दर्ता रहेको बुद्धशान्ति गाउँपालिका वडा नं ३ (साविक बुधबारे गा.वि.स. वडा नं. ७) को झिलमिले खोला छेउको ज.वि. १-०-०-० जग्गा सम्वन्धमा हालसम्म भए गरेका काजगातहरुको प्रमाणित प्रतिलिपि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ गाडी भाडामा लिने सम्वन्धमा ।**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिकाका लागि आवश्यक पर्ने सवारी साधन यस अघिदेखि नै सम्झौता भई प्रयोगमा रहेको मे.१.च ५९१० नं को जीप मासिक भाडा रु ९०,००० अक्षेरपी नब्बे हजार मात्र (सवै किसिमका कर समेत) भुक्तानी गर्ने गरी २०७७ आषाढ मसान्त सम्मका लागि भाडामा सम्झौता नवीकरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ घरभाडा सम्वन्धमा ।**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिका र बुद्धशान्ति -३, बस्ने शुसिला सापकोटाबीच घरभाडा लिने सम्बन्धमा मिति २०७५ मंशिर ६ गते भएको सम्झौतालाई २०७७ साल असार मसान्त सम्मका लागि नवीकरण गर्ने निर्णय गरियो । अन्य कर्मचारीहरुको सेवा सुविधाको हकमा छुट्टै मापदण्ड तयार गरी लागु गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ करार कर्मचारीको पारिश्रमिक सम्वन्धमा ।**

यस गाउँ कार्यपालिका अन्तर्गत साविकदेखि कार्यरत कर्मचारीहरुलाई सम्झौता नवीकरण गरी मासिक देहाय बमोजिमको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | पद | तलव स्केल | अन्य सुविधा |
|---|---|---|---|
| १ | ईन्जिनियर/स.ई/ अ.स.ई. | नेपाल सरकारले तोके बमोजिम | महंगी भत्ता, स्थानीय भत्ता |
| २ | आई टी अफिसर | तोकिएको तलबको २५ प्रतिशत | महंगी भत्ता, स्थानीय भत्ता |
| ३ | कम्प्युटर अपरेटर चौथो/पाँचौ | नेपाल सरकारले तोके बमोजिम | महंगी भत्ता, स्थानीय भत्ता |
| ४ | ना. प्रा.स. कृषि, भेटेरीनरी | नेपाल सरकारले तोके बमोजिम | महंगी भत्ता, स्थानीय भत्ता |
| ५ | अनमी, अ.हे.ब. | मासिक रु १५०००/- | - |
| ६ | जे.सि.भी अपरेटर | नेपाल सरकारले तोके बमोजिम | प्रतिघण्टा तोकिए बमोजिम |
| ७ | हलुका/ हेभी सवारी चालक | नेपाल सरकारले तोके बमोजिम | महंगी भत्ता, स्थानीय भत्ता |
| ८ | सामाजिक परिचालक | मासिक एकमुष्ट रु. ५०००/- | - |

Scanned by CamScanner

| क्र.सं. | पद | तलव स्केल | अन्य सुविधा |
|---|---|---|---|
| ९ | हेल्पर/स्वीपर | मासिक एकमुष्ट रु १५,०००/- | - |
| १० | का.स. | मासिक रु १५,०००/- | महंगी भत्ता रु २,०००/- |
| ११ | विद्युत मर्मत कार्यकर्ता | मासिक रु १०,०००/- | - |

**प्रस्ताव नं. ८ कानूनी परामर्शदाता नियुक्ति सम्वन्धमा।**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गाउँपालिकाका लागि १ जंना कानूनी सल्लाहकार आवश्यक परेको हुँदा मासिक पारिश्रमिक रु १५,०००/- उपलब्ध गराउने गरी सेवा करारमा कानूनी परामर्शदाता नियुक्ति गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ९ रंगशाला निर्माण सम्वन्धमा।**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बुद्धशान्ति गाउँपालिका वडा नं ४ स्थित साविक भुटानी शरणार्थी शिविर टिमाई क्षेत्रमा गाउँपालिका स्तरीय रंगशाला निर्माणका लागि ज.वि. ६-०-० जग्गा उपलब्ध गराई फुटबल, क्रिकेट, भलिवल, व्याडमिन्टन, कबर्ड हल लगायतका खेल संचालन हुने गरी आयोजना संचालन गर्न गाउँपालिकाको तर्फबाट कूल रकमको ३० प्रतिशत वा २ करोड (जुन कम हुन्छ) गाउँपालिकाले व्यहोर्ने समेत निर्णय गरियो। साथै खेल पूर्वाधार आयोजना सम्बन्धि यस कार्यक्रमलाई जिल्ला खेलकुद विकास समितिको कार्यालय झापा मार्फत श्री युवा तथा खेलकुद मन्त्रालय सिंहदरबार काठमाडौँ समक्ष पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १० जग्गा भाडामा लिने सम्बन्धमा।**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बुद्धशान्ति गाउँपालिका र बुद्धशान्ति ३ बस्ने कुलप्रसाद न्यौपाने बीच वडा नं ३ मा रहेको कि.नं. १४६ को ज.वि. ०-२-१५ जग्गा भाडामा लिने सम्वन्धमा मिति २०७५ साल असोज १ गते भएको सम्झौता बमोजिम वार्षिक रु २७,५००/-(साविक मा १० प्रतिशत थप गरिएको) भुक्तानी दिई २०७७ साल आषाढ मसान्तसम्मको लागि जग्गा भाडामा लिई सम्झौता नवीकरण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ११ विविधः**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा देहाय वमोजिम गर्ने निर्णय गरियो।

क. यस गा.पा. अन्तर्गत कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन स्वरुप छाता र व्याग (१/१थान) खरीद गरी उपलव्ध गराउने।

ख. सशस्त्र प्रहरी वल टिमाई बेस क्याम्पलाई आवास र हातहतियार भण्डारण कक्ष निर्माणका लागि पूँजीगत भैपरी शीर्षकबाट रु ५,००,०००/- छुट्याई उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउने।

ग. अनाधिकृत रुपमा खोला प्रवेश गरी नदीजन्य पदार्थ ओसार-पसार गर्ने ट्रयाक्टरलाई प्रति ट्रयाक्टर रु १०,०००/- र प्रति ट्रिपर ३०,०००/- जरिवाना गर्ने र पटके भए प्रति पटक दोब्बर जरिवाना गर्ने र पक्राउ गर्ने सुरक्षा निकाय/ यस गाउँपालिकाबाट अनुमोदित संरक्षण समितिलाई जरिवानाको ५० प्रतिशत रकम उपलब्ध गराउने। सो सम्बन्धमा जानकारीका लागि स्थानीय पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने।

घ. जिल्ला समन्वय समिति झापासँगको सम्झौता बमोजिम निर्माणाधीन वडा नं २ र ७ को वडा कार्यालय भवन निर्माणको लागि गाउँपालिकाको साझेदारी कोषबाट रु २०/२० लाखका दरले कुल ४० लाख विनियोजन गर्ने।

ङ. नेपाल सरकारका विभिन्न निकायबाट कार्यक्रम स्वीकृत भई सोही कार्यक्रमका लागि नियुक्ति भई कार्यरत कर्मचारीहरुलाई चालु आ.व.मा कार्यक्रम स्वीकृत भएमा करार अवधि थप गर्ने अन्यथा नगर्ने।

च. गर्भवती महिलाको स्वास्थ्य परीक्षणको लागि निशुल्क भिडियो एक्सरे सेवा संचालन गर्न प्रत्येक वडामा महिनाको एक पटक भिडियो एक्सरे सेवा संचालन गर्ने गरी दक्ष रेडियोलोजिष्टलाई सेवा करारमा खरीद गरी कार्यान्वय गर्ने।

छ. वडा नं ४ स्थित श्री गणेश माविमा प्रकृया पुर्याई एक वालविकास केन्द्र स्थापना गर्ने।

अन्त्यमा अध्यक्ष ज्यूबाट उपस्थित सबैमा धन्यवाद दिंदै वैठक सम्पन्न भएको घोषणा गरियो।

Scanned by CamScanner

**७२ औं कार्यपालिका वैठक**

आज मिति २०७६ साल श्रावण २६ गते आइतवार विहान ७:०० वजे यस वुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री रमेशकुमार भुजेलज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वसी देहायका प्रस्ताव माथि छलफल गरी पारित गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री रमेशकुमार भुजेल | (गाउँपालिका अध्यक्ष) |
| २. | श्री मिरा भुर्तेल | (गाउँपालिका उपाध्यक्ष) |
| ३. | श्री भीमकुमार नेवार | (वडाध्यक्ष वडा नं. १) |
| ४. | श्री दिलीप श्रेष्ठ | (वडाध्यक्ष वडा नं. २) |
| ५. | श्री कमलप्रसाद उप्रेती | (वडाध्यक्ष वडा नं. ३) |
| ६. | श्री वुद्धिमान लिम्वु | (वडाध्यक्ष वडा नं. ४) |
| ७. | श्री बासुदेव खतिवडा | (वडाध्यक्ष वडा नं. ५) |
| ८. | श्री शम्भुप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ६) |
| ९. | श्री मात्रिकाप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ७) |
| १०. | श्री यमुना चापागाईं | (गा.का.पा. सदस्य) |
| ११. | श्री भगवती शर्मा खतिवडा | (गा.का.पा. सदस्य) |
| १२. | श्री दुर्गादेवी ढुंगेल पोखरेल | (गा.का.पा. सदस्य) |
| १३. | श्री रितादेवी वराल | (गा.का.पा. सदस्य) |
| १४. | श्री रोहित तोलाङ्गी | (गा.का.पा. सदस्य) |
| १५. | श्री गणेश धिमाल | (गा.का.पा. सदस्य) |
| १६. | श्री धनंञ्जय कुमार शाह | (प्रमुख प्रशासकीय अधिकृत) |

**अन्य उपस्थिति**

१. श्री मदन कुमार कडेल (अधिकृत छैठौं)

२. श्री देवेन्द्र दाहाल (नि.प्र.)

Scanned by CamScanner

प्रस्ताव नं. १ अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा सम्मानित उच्च अदालत विराटनगर इलाम इजलासबाट यस गाउँपालिका समेतलाई विपक्षी वनाई जग्गाको हक कायम गरी दर्ता पाउँ भन्ने बुद्धशान्ति ४ स्थित साविकको भुटानी शरणार्थी शिविर रहेको टिमाई क्षेत्रमा रहेको उक्त जग्गाको मुद्धामा यस गाउँपालिकाको तर्फबाट प्रतिउत्तर पेश गर्ने अख्तियारी यस गाउँपालिकाका अध्यक्ष श्री रमेश कुमार भुजेल ज्यूलाई प्रदान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको पाचौं गाउँसभाबाट स्वीकृत आ.व. २०७६।०७७ को बजेट खर्च गर्ने अख्तियारी स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.३ हलुका सवारी चालकको विज्ञापन सम्वन्धमा ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा हलुका सवारी चालक नियुक्तिका लागि यस गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०७६।०४।२३ गते प्रकाशित विज्ञापनलाई अनुमोदन गर्दै नियुक्ति प्रकियासँग सम्वन्धित सम्पूर्ण कार्य गर्न तपशिल अनुसारको पदर्पूति समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

कमल प्रसाद निरौला- संयोजक ( शाखा अधिकृत शिक्षा, युवा तथा खेलकुद शाखा)

मदन कुमार कडेल- सदस्य ( अधिकृत प्रशासन, योजना तथा अनुगमन शाखा)

- सदस्य ( अधिकृतस्तर प्रतिनिधि ट्राफिक प्रहरी चौकी बुधबारे)

Scanned by CamScanner

प्रस्ताव नं. ४ RMG मार्फत सडक मर्मत गर्ने सम्वन्धमा ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय पूर्वाधार विभाग), ललितपुरको मिति २०७६।०४।०८ च. नं. ०१८ को Road Maintenance Group (RMG) मार्फत सडकहरुको नियमित मर्मत सम्भारका लागि बजेट व्यवस्था सम्वन्धी पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्वन्धमा भद्रपुर-ज्यामिरगढी-धुलावारी-शान्तिनगर-इरौंटार सडक ४, ५ र ६ नं. वडा कार्यालय र चारपाने-नारायणचोक-हात्तीकिल्ला-जयपुर सडक २ नं. वडा कार्यालयमार्फत मर्मत सम्भार समूह (RMG) गठन गरी प्राविधिक ल. ई. वमोजिम तोकिए अनुसार सडक मर्मतको काम गर्ने/गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ५ प्रहरी चौकी माग गर्ने सम्वन्धमा ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस बुद्धशान्ति गाउँपालिकाको वडा नं. ४ यस गाउँपालिकाको सवैभन्दा वढी जनसंख्या, ठूलो भूगोल भएको साविक शान्तिनगर गा.वि.स. क्षेत्र हुनुका साथै सुरक्षाका दृष्टिले संवेदनशील क्षेत्र समेत भएकाले उक्त वडामा एउटा प्रहरी चौकी स्थापनाका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १ विराटनगरसमक्ष माग गर्ने निर्णय गरियो । साथै प्रहरी चौकीका लागि आवश्यक पर्ने भवन एवं अन्य भौतिक पूर्वाधारको व्यवस्था यस गाउँपालिकाले मिलाउने प्रतिवद्धता समेत लेखी पठाउने निर्णय गरियो ।

प्रस्ताव नं. ६ बुधबारे इलाका प्रहरी चौकीको भवन निर्माण सम्वन्धमा ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा बुधबारे इलाका प्रहरी चौकीको भवन जीर्ण अवस्थामा भएकोहुँदा सो भवन निर्माणका लागि आवश्यक पहल गर्न क्षेत्रीय प्रहरी कार्यालय विराटनगर डेलिगेशन जाने निर्णय गरियो । सो प्रहरी चौकीको भवन निर्माणका लागि हाल उक्त प्रहरी चौकीले चर्चेको ज.वि. ०-२-१० र साविक बुधबारे गा.वि.स. ले उक्त प्रहरी चौकीलाई प्रदान (हाल यस गाउँपालिकाको हकभोगमा रहेको) गरेको ज.वि. ०-१-१२ गरी कूल ज.वि. ०-४-२ जग्गा प्रहरी चौकीको भवन निर्माणका लागि व्यवस्थापन समेत भइसकेको प्रतिवद्धता समेत क्षेत्रीय प्रहरी कार्यालय विराटनगर समक्ष लेखी पठाउने निर्णय गरियो ।

Scanned by CamScanner

प्रस्ताव नं. ७ मेलमिलाप समितिको पारिश्रमिक तथा अन्य कार्यविधि निर्माण सम्वन्धमा ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडामा रहेका मेलमिलाप समितिहरुको मुद्धामामिलासम्वन्धी हुने छलफलमा उपलब्ध गराइने पारिश्रमिक लगायत सो समितिसँग सम्वन्धित अन्य आवश्यक कार्यविधि बनाई कार्यपालिकामा पेश गर्न विधायन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ८ स्वयंसेवक माग गर्ने सम्वन्धमा ।

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा दक्षिण कोरिया सरकारको सहयोगी निकाय KOICA सँग यस गाउँपालिकाको समृद्धिका लागि कृषि र सूचना प्रविधिको क्षेत्रमा काम गर्ने गरी स्वयंसेवक (Volunteer) माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ साविक भुटानी शरणार्थी शिविर रहेको टिमाई क्षेत्रको जग्गा संरक्षण सम्वन्धमा ।

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा साविक भुटानी शरणार्थी शिविर रही हाल यस गाउँपालिकाको हकभोगमा रहेको टिमाई क्षेत्रको जग्गा संरक्षणका लागि डिर्माकेसन निर्धारण गरी संरक्षित क्षेत्रको सुरक्षा व्यवस्था मिलाउन सशस्त्र प्रहरी वल टिमाईलाई लेखी पठाउने र सो क्षेत्रको अनाधिकृत रुपमा अतिक्रमण गर्न खोज्ने व्यक्ति/समूहलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीका लागि नेपाल प्रहरीसमक्ष बुझाउन समेत उक्त सशस्त्र प्रहरी वललाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० कानुनी परामर्शदाता नियुक्ति सम्वन्धमा ।

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँपालिकालाई आवश्यक कानुनी परामर्श उपलब्ध गराउन र न्यायिक समितिलाई न्याय सम्पादनमा सहयोग पुर्‍याउन तोकिए वमोजिम सेवा सुविधा दिने गरी एक जना कानुनी परामर्श खरिदका लागि ७ दिने सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

प्रस्ताव नं. ११ शान्ति आर्दश मा.वि. को शिक्षक व्यवस्था सम्वन्धमा ।

निर्णय नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा बुद्धशान्ति ६ मा संचालित श्री शान्ति आर्दश मा. वि. को रिक्त मा.वि. तह नेपाली विषयको दरवन्दीमा पदर्पूति हुनेक्रममा शिक्षा विकास तथा समन्वय इकाई झापाले स्थानीय तह र विषय छनौटका लागि गरेको सूचनामा नेपाली विषयको सट्टा अर्थशास्त्र विषय कायम गरी सूचना प्रकाशित गरेको पाइएकोले सो विद्यालयमा उक्त विषयसँग मिल्ने विषय शिक्षक रहेको र विद्यालयको माग र आवश्यकताका आधारमा नेपाली विषय नै अनिवार्य भएकाले नेपाली विषयको विषय शिक्षक पठाइदिनका लागि शिक्षा विकास तथा समन्वय इकाई झापालाई अनुरोध गर्ने र सो वाहेक अन्यथा भएमा विद्यालय र गाउँपालिका, गाउँपालिका र शिक्षा विकास तथा समन्वय इकाइ झापा वीच द्वन्द्व सिर्जना हुनसक्ने भएकाले उक्त अवस्था आउन नदिनका लागि शिक्षा विकास तथा समन्वय इकाई झापालाई लेखी पठाउने निर्णय गरियो ।

अन्तमा अध्यक्ष ज्यूबाट धन्यवाद सहित वैठक सम्पन्न भएको घोषणा गरियो ।

Scanned by CamScanner